# अध्याय – एक

# परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "कक्षा ६ मा व्याकरण शिक्षण गर्दा अपनाउन सकिने शिक्षण विधिहरूको अध्ययन" रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको ५९८ पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ शोध परिचय

परम्परागत मानयता अनुसार शुद्धसँग लेख्न र बोल्न सिकाउने विद्यालाई व्याकरण भनिन्छ । व्याकरणको शिक्षणबाट विद्यार्थीमा हुने अशुद्धिलाई निर्मूल पार्न सकिन्छ तर यसको औपचारिक शिक्षणबिना भाषाको शुद्ध प्रयोग असम्भव छ । व्याकरणको प्रयोग गर्न नजान्ने व्यक्ति पनि व्यवहारमा शुद्ध भाषाको प्रयोग गर्न सक्छ ।

भाषा वैज्ञानिकहरू व्याकरणलाई भाषा विज्ञानको महत्वपूर्ण एवम् मूलभूत अङ्गका रुपमा लिन्छन् । भाषा बिना व्याकरणको कल्पना गर्न नसकिने भएकाले व्याकरणलाई भाषाबाट अलग गराएर जटिल तरिकाले शिक्षण गर्न खोज्दा भाषा शिक्षणमा कृत्रिमता मात्र आउने होइन, अवैज्ञानिक र अव्यावहारिक तरिका अवलम्बन गरेको स्पष्ट हुन्छ ।

यसरी भाषाबाट अलग गराउन नसकिने र अति महत्वपूर्ण व्याकरणको शिक्षण गर्दा मुख्य रूपमा निम्न चारवटा विधिको आवश्यकता महसुस गर्न सकिन्छ :-

क) निगमन विधि

ख) आगमन विधि

ग)  भाषा संसर्ग विधि वा प्रत्यक्ष विधि

घ)  भाषा पाठ्यपुस्तक विधि

पाठ्यक्रममा अपेक्षित उद्देश्यहरू पूरा गर्नका लागि उपर्युक्त शिक्षण विधिको प्रयोग गरी प्रभावकारी ढङ्गले व्याकरण शिक्षण गर्नु अनिवार्य छ । यसै सन्दर्भमा पाठ्यपुस्तकमा समाविष्ट व्याकरणका अंशहरू के कसरी शिक्षण गरिँदै आइएको छ । त्यसको अध्ययन गर्नु आवश्यक देखिन्छ ।

## १.४ समस्या कथन

भाषा र व्याकरणको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । भाषाबिना व्याकरणको अस्तित्व हुँदैन भने व्याकरण बिनाको भाषा पनि हुन सक्दैन । बहुभाषिक राष्ट्र नेपालमा अत्यधिक मात्रामा भाषिक भिन्नता रहेको कुरा विभिन्न अध्ययनहरूबाट थाहा भइसकेको छ । यस परिस्थितिमा राष्ट्रभाषा नेपालीको प्रयोगमा एकरूपता होस् भन्नका लागि व्याकरणको शिक्षण गर्नु अनिवार्य देखिन्छ । वि.सं. २०२८ सालपछि निर्मित पाठ्यक्रम तथा पाठ्यपुस्तकका व्याकरणका धारणाहरूलाई पाठबाट नै सिकाउने दृष्टिकोण राखिएको पाइन्छ ।

नि.मा.वि. तहदेखि क्रमश: सरल र जटिलको क्रममा आगमनात्मक तरिकाले व्याकरणात्मक सूझ विकास गरी सामान्य नियम निर्माण र पालना गर्न सक्ने अभिप्राय राखेको सोही अनुरूप व्याकरणात्मक प्रयोग र अभ्यासलाई अघि बढाउनु आवश्यक र उचित देखिन्छ ।

उच्च तहको शैक्षिक गतिविधिको जग विद्यालय तह भएकाले विद्यालय तहको शिक्षाको माध्यम बनेको नेपाली भाषाको पृष्ठभूमि राम्रो बन्नु पर्छ । सरकारी र निजी तथा आवासीय विद्यालयहरूमा कक्षा ६ को नेपाली शिक्षण गर्ने भाषा शिक्षकले व्याकरण शिक्षणमा के कस्ता शिक्षण सिकाइ कार्यकलाप गर्ने गराउने गरेका छन्, व्याकरण शिक्षणमा कुन विधिलाई अपनाउने गरेका छन् ? सोको अध्ययन यस शोधकार्यको समस्या हो । यस शोधपत्रले सरकारी र निजी तथा आवासीय विद्यालयहरूमा कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेश भएका व्याकरण तत्वहरूको शिक्षण गर्दा अपनाइएका शिक्षण विधिका सम्बन्धमा निम्नानुसारका समस्याहरूलाई प्रमुखता दिइएको छ :

1_ कक्षा ६ मा व्याकरण तत्वहरूको शिक्षण गर्दा शिक्षकले के कस्ता शिक्षण विधिहरू अपनाएका छन् ?

2_ सरकारी, निजी तथा आवासीय विद्यालयहरूमा व्याकरण शिक्षण गर्दा अपनाइने गरेका शिक्षण विधिहरूबीच के कति समानता र असमानता पाइन्छ ?

3_ तराइका क्षेत्रका सार्वजनिक र निजी तथा आवासीय विद्यालयहरूमा व्याकरण शिक्षण गर्दा अपनाउने गरेका शिक्षण विधिहरू बीच के कस्ता समानता र असमानता पाइन्छन् ?

4_ तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले व्याकरण शिक्षण गर्दा अपनाउने गरेका शिक्षण विधिहरूबीच के कस्ता समानता र असमानता पाइन्छन् ?

## १.५ शोध उद्देश्य

प्रस्तुत शोधका उद्देश्यहरू यसप्रकार रहेका छन् :

1_ कक्षा ६ मा व्याकरण शिक्षण गर्दा शिक्षकले अपनाउने गरेका शिक्षण विधिहरूको पहिचान गर्नु ।

2_ कक्षा ६ मा व्याकरण शिक्षण गर्दा शिक्षकले अपनाउने गरेका शिक्षण विधिहरूको कमी कमजोरी केलाउनु ।

3_ विभिन्न पक्षहरूका बीचमा तुलना गरी निष्कर्ष दिनु ।

4_ व्याकरण शिक्षणका बारेमा उपयुक्त क्रियाकलापहरूको बारेमा सुझावहरू दिनु ।

## १.६ पूर्व कार्यको समीक्षा

प्रस्तुत शोधकार्यसँग सान्दर्भिक केही प्रयासहरू पहिला पनि नभएका होइनन् । यस उपखण्डमा पूर्व कार्यको संक्षिप्त समीक्षा गरिएको छ ।

तोयानाथ खनालद्वारा "कक्षा ५ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन" (२०५४) शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । उक्त शोधपत्रमा प्राथमिक तहमा नेपाली भाषा शिक्षकले प्रयोग गरेका शिक्षण विधिहरूलाई प्रश्नावली तथा अवलोकनबाट प्राप्त तथ्याङ्कहरूको आधारमा तुलनात्मक अध्ययन तथा विश्लेषण गरिएको पाइन्छ । यसमा विभिन्न प्रकारका शिक्षण विधिहरूको परिचयका साथै उपत्यकाका जम्मा ३० विद्यालयका शिक्षकहरुले कक्षा छ मा प्रयोग गरेका शिक्षण विधि तथा क्रियाकलापको विश्लेषण कक्षा अवलोकन र शिक्षण प्रश्नावली फारामका आधारमा गरिएको छ । त्यस्तै उनले सहरी ग्रामीण, सरकारी, निजी क्षेत्रका तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले गरेको शिक्षणको तुलनात्मक अध्ययन गरेका छन् ।

त्रि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग कीर्तिपुर (२०५५) का लक्ष्मीप्रसाद ढकालले "कक्षा ५ मा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन" नामक शोधपत्रमा शिक्षण विधिहरूको सैद्धान्तिक परिचयका साथै काठमाडौँ, ललितपुर र भक्तपुरका ३० वटा नमुना विद्यालयको कक्षा अवलोकन र शिक्षक प्रश्नावली फारामका माध्यमले विद्यालयमा प्रचलित शिक्षण विधि र शिक्षण क्रियाकलापको उल्लेख गरेका छन् । त्यस्तै सरकारी र निजी विद्यालयका तालिम प्राप्त र अप्राप्त शिक्षकबीच तुलनात्मक अध्ययन पनि गरेका छन् । सोही विभागका देवीदत्त पौडेलले "कक्षा ८ मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन" (२०६०) नामको शोधपत्रमा कथा शिक्षण गर्दा अपनाउन सकिने कार्यकलाप र शिक्षण विधिहरूको चर्चा गरेका छन् । उनले उक्त शोधपत्रमा काठमाडौँका अनुदान प्राप्त ५ वटा र निजी तथा आवासीय ५ वटा विद्यालय गरी जम्मा १० वटा विद्यालयहरूमा शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारामका माध्यमबाट विद्यालयमा प्रचलित शिक्षण विधि र कार्यकलापको चर्चा गरेका छन् । त्यसैगरी उनले तालिम प्राप्त र अप्राप्त शिक्षक, अनुदान प्राप्त र निजी तथा आवासीय विद्यालय र ग्रामीण र सहरी क्षेत्रका शिक्षकबीच तुलनात्मक अध्ययन पनि गरेका छन् । सोही विभागका गीरमान थापाले "कक्षा ९ मा नेपाली भाषा शिक्षण गर्दा अपनाइएका शिक्षण सिकाइ कार्यकलापहरूको अध्ययन" (२०५६) शीर्षकमा शोधपत्र प्रस्तुत गरेका छन् ।

यस शोधपत्रमा उपत्यकाका १० वटा नमुना विद्यालयको कक्षा अवलोकन र शिक्षक प्रश्नावलीका माध्यमले विद्यालयमा प्रचलित शिक्षण विधि र शिक्षण कार्यकलापको उल्लेख गरेका छन् । त्यस्तै सरकारी र निजी तथा आवासीय विद्यालय, तालिम प्राप्त र अप्राप्त शिक्षकबीच तुलना समेत गरेका छन् ।

यसै सन्दर्भमा त्रि.वि. शिक्षाशास्त्र सङ्काय, महेन्द्ररत्न क्याम्पस ताहाचलकी सीता सुवेदीले "कक्षा ९ मा व्याकरण शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन" (२०६०) शीर्षकमा शोधपत्र प्रस्तुत गरेकी छन् । उक्त शोधपत्रमा माध्यमिक तहमा नेपाली भाषा शिक्षकले प्रयोग गरेका शिक्षण विधिहरूलाई प्रश्नावली तथा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरूको आधारमा तुलनात्मक अध्ययन र विश्लेषण गरिएको पाइन्छ । यसमा शिक्षण विधिका विभिन्न प्रकारहरूको परिचयका साथै उपत्यका र पहाडका १० वटा माध्यमिक विद्यालयका उक्त कक्षाको कक्षा अवलोकन र शिक्षक प्रश्नावली फारामका आधारमा प्रयोग गरिएका शिक्षण विधिहरू तथा क्रियाकलापको उल्लेख गर्नुका साथै सहरी र ग्रामीण, सहकारी, निजी क्षेत्रका तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले गरेको तुलनात्मक अध्ययन गरेकी छिन् ।

## १.७ शोध अध्ययनको औचित्य, महत्व र उपयोगिता

भाषाको समसामयिक शिष्ट तथा मानक रूपको प्रयोग गर्ने क्षमता अभिवृद्धि गर्नका लागि व्याकरण सिकाउनु अनिवार्य देखिन्छ । व्याकरणको सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान दिनको लागि शिक्षकहरू व्याकरणतत्व सिकाउनको प्रयोजन के हो ? कुन व्याकरण तत्व सिकाउँदा के कस्ता शिक्षण सिकाइ कार्यकलाप तथा कुन र कस्ता विधिहरू अपनाउने भन्ने कुरामा स्पष्ट हुनुपर्छ ।

भाषिक सीपको अभिवृद्धिका साथै मानक तथा स्तरीय भाषाको प्रयोग गरी शिक्षण सिकाइ कार्यकलापमा प्रभावकारिता ल्याउनु आवश्यक हुन्छ । पाठ्य विषयलाई रुचिपूर्ण ढंगले शिक्षण गरी अपेक्षित उद्देश्य पूरा गर्नका लागि उपयुक्त शिक्षण विधिको प्रयोग गर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा नेपाली भाषा शिक्षकहरूले शिक्षार्थीहरूमा व्याकरण सम्बन्धी सैद्धान्तिक

तथा व्यावहारिक ज्ञानको अभिवृद्धि गराउन के कस्ता शिक्षण विधिहरू प्रयोगमा ल्याउने गरेका छन् भन्ने कुराको अध्ययन हुनु आवश्यक छ । यस अध्ययनबाट सर्वाजनिक र निजी तथा आवासीय विद्यालयहरूमा व्याकरण शिक्षण गर्दा प्रयोग गर्ने गरेका शिक्षण विधि, तालिम प्राप्त र अप्राप्त शिक्षकले गर्ने गराउने गरेका शिक्षण सिकाइ कार्यकलापका विषयमा अन्वेषण गरिनेछ । यसका साथै शिक्षकहरूलाई शिक्षणका सन्दर्भमा पृष्ठपोषण प्राप्त हुने र भावी शैक्षणिक रणनीति तयार गर्ने समेत सहयोग पुऱ्याउन सक्ने देखिन्छ । अतः त्यस शोधप्रतिवेदनको मुख्य विषयको रूपमा रहेको व्याकरण शिक्षणमा अपनाइएका विधिको अध्ययन स्वाभाविक रूपमा औचित्यपूर्ण, उपयोगी तथा महत्वपूर्ण हुनसक्छ ।

## १.८ शोध अध्ययनको क्षेत्र र सीमा

शोधपत्र विद्यार्थीहरूमा व्याकरण सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञानको अभिवृद्धिको लागि शिक्षकद्वारा अपनाइने विधि तथा गर्ने-गराउने गरेका कार्यकलापहरू, विद्यालयको भौतिक सुविधा, स्रोत सामग्रीको उपलब्धता, शैक्षिक सामग्रीको उपलब्धता, शिक्षकको शिक्षण पेशाप्रतिको इमान्दारिता आदि पक्षमा निर्भर हुन्छ । यी सम्पूर्ण पक्षहरूको गहन अध्ययन गरिनु अत्यावश्यक छ । प्रस्तुत शोधशीर्षकले सम्बन्धित सम्पूर्ण पक्षहरूको अध्ययन गर्न नसके तापनि यस अध्ययनले निम्नानुसार सीमा निर्धारण गरी अध्ययन गर्ने लक्ष्यलिइएको छ :-

1_ प्रस्तुत अध्ययन तराइ क्षेत्रको उदयपुर जिल्लाको ५ वटा निजी तथा आवासीय र ५ वटा सरकारी विद्यालयमा आधारित छ ।

2_ यो अध्ययन कक्षा ६ मा व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त सूचनाहरूको विश्लेषणमा आधारित छ ।

3_ प्रस्तुत शोध अध्ययन कक्षा ६ मा शिक्षण गर्ने शिक्षकले शिक्षण गर्दा अपनाउने शिक्षण विधिहरूको अध्ययनमा सीमित छ ।

५_ उदयपुर जिल्लाका कुल १० वटा नि.मा.वि. (सार्वजनिक, निजी तथा आवासीय) हरु र ती विद्यालयमा व्याकरण शिक्षण गर्ने १० जना शिक्षकहरुलाई जनसङ्ख्याका रुपमा लिइएको छ ।

## १.९ अध्ययन प्रक्रिया

प्रस्तुत शोधकार्यको लागि शोधकर्तालाई निम्नानुसारको अध्ययन प्रक्रिया अवलम्बन गरियो :-

### १.९.१ जनसङ्ख्या

यस शोधकार्यका लागि सर्वप्रथम तराइको उदयपुर जिल्लालाई नमुना क्षेत्रको रूपमा छनोट गरियो  यसै क्रममा उदयपुर जिल्लाका ५ वटा सार्वजनिक र ५ वटा निजी तथा आवासीय गरी जम्मा १० वटा विद्यालयको छनोट गर्ने काम गरियो । उक्त विद्यालयका कक्षा ६ मा नेपाली व्याकरण शिक्षण गर्ने १० जना शिक्षकहरूलाई यस शोधकार्यका लागि जनसङ्ख्याको रूपमा लिइयो ।

### १.९.२ सामग्री/उपकरण

प्रस्तुत शोधकार्यका लागि दुई प्रकारका सामग्री/उपकरण उपयोगमा ल्याइयो ।

*क) कक्षा अवलोकन फाराम*

यस फाराममा सिकाइ वातावरण, शिक्षकको व्यक्तित्व, कक्षाको प्रारम्भ, पाठको प्रस्तुतीकरण, कक्षा कार्यकलाप, शैक्षिक सामग्री, शिक्षण विधि, मूल्याङ्न, गृहकार्य, व्याकरण शिक्षणको प्रभावकारिता, कक्षा उपयोगमा गरिएका विधिको मूल्याङ्न आदि जस्ता पक्षहरू समावेश गरिएका छन् । व्याकरण शिक्षणको क्रममा शिक्षकले कक्षामा शिक्षण गर्दा यी पक्षहरूको प्रयोग के कसरी गरेका छन्, सो सम्बन्धी सूचना सङ्कलन गरी कक्षा अवलाकेन फाराम उपयोग गरियो ।

***ख) प्रश्नावली***

प्रश्नावलीमा शिक्षकको सामान्य सूचना, शैक्षणिक योजना, शैक्षिक सामग्री, व्याकरण तत्व, शिक्षणका कार्यकलापहरू, व्याकरण शिक्षण गर्दा अपनाउने गरेका विधिहरू, व्याकरण शिक्षणको प्रभावकारिता, विद्यालय वातावरण जस्ता पक्षहरू समावेश गरिएका छन् । यी विभिन्न पक्षहरूको प्रयोगमा शिक्षकहरूको प्रतिक्रिया लिने कार्य प्रश्नावली भराई गरियो ।

उपर्युक्त शोध उपकरणका सहायताले शोध अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्ने काम गरियो । यी शोध उपकरणहरू विभिन्न पुस्तक, अध्ययन अनुसन्धानका प्रतिवेदनहरू एवम् सम्बन्धित शोधपत्रहरूको अधयन गरी शोधकर्ता स्वयम्बाट मस्यौदा तयार गरियो । तत्पश्चात् शोध उपकरणमा आवश्यक परिमार्जन, सुधार, सुझावका लागि शोधनिर्देशक समक्ष पेश गरियो । शोध निर्देशकबाट प्राप्त सुझावहरूलाई ग्रहण गरी त्यसलाई पुनः नेपाली भाषा शिक्षणमा संलग्न शिक्षकहरू तथा भाषा विशेषज्ञहरूसँग राय सुझाव लिई आवश्यक परिमार्जन गरियो । उक्त शोधउपकरणलाई अन्तिम रूप दिन नेपाली भाषा शिक्षणमा विशेष दक्षता हासिल गर्नुभएका विशिष्ट प्राध्यापकहरूलाई सुझाव एवम् निर्देशन प्राप्त गरी शोध उपकरणमा आवश्यक थपघट गरी सुधार गरियो । यसरी तयार पारिएका उपकरणहरूमध्ये कक्षा अवलोकन फारामबाट शिक्षकहरूले अवलम्बन गरेका कार्यकलापहरू तथा विधिहरूको बारेमा यथार्थ तथ्याङ्क सङ्कलन गर्न सजिलो भयो भने प्रश्नावलीबाट समस्या केन्द्रित सूचनाहरू प्राप्त गर्न मद्दत मिल्यो ।

### १.९.३ पूर्व परीक्षण

शोधकार्यलाई मूर्त रूप दिनका लागि तयार पारिएका प्रश्नहरू के कति उपयुक्त छन् भन्ने जानकारी लिनका लागि पूर्व परीक्षण गरिन्छ । यसका लागि उदयपुर जिल्लामा एउटा सरकारी र एउटा निजी तथा आवासीय विद्यालयका दुई जना शिक्षकलाई प्रश्नावली भराउनुका साथै कक्षा अवलोकन गरियो । पूर्व परीक्षणबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषण पश्चात् शोध निर्देशकको निर्देशन अनुसार शोधउपकरणमा आवश्यक सुधार गरी परीक्षणको कार्यान्वयनका लागि तयार पारियो ।

### १.९.४ परीक्षणको कार्यान्वयन

यस शोधकार्यको उद्देश्य पूरा गर्नका लागि शोधकर्ता स्वयम् प्रतिनिधि नमुना स्थलमा गई कक्षा अवलोकन फाराम तथा प्रश्नावलीको उपयोगद्वारा सूचना सङ्कलन गरियो । यसका लागि उदयपुर जिल्लाका ५ वटा सार्वजनिक र ५ वटा निजी तथा आवासीय गरी जम्मा १० वटा विद्यालयहरूमा शोधकर्ता पुगेको थियो । तथ्याङ्क सङ्कलनका क्रममा प्रश्नावली भर्नका लागि प्रति शिक्षक ३० देखि ४० मिनेट समय लागेको थियो भने प्रति शिक्षकको कक्षा अवलोकनका लागि ४५ मिनेट समय लागेको थियो ।

### १.९.५ तथ्याङ्कको व्याख्या तथा विश्लेषण

शोध उपकरणको व्याख्या पश्चात् प्राप्त तथ्याङ्कहरूमध्ये शोधकार्यमा प्रत्यक्ष सहयोग पुऱ्याउने खालका सूचनाहरूलाई मात्र उपयुक्त अंशको रूपमा निर्धारण गरी विश्लेषण गरियो । शिक्षकको नाम, विद्यालयको ठेगाना, विधा, पाठ, पाठ्यवस्तु, मिति आदि जस्ता पक्षहरूलाई अनावश्यक ठानी छाडिएको छ । संकलित तथ्याङ्कहरूलाई व्याख्या तथा विश्लेषण गर्नका लागि विभिन्न शीर्षक दिई तालिकामा प्रस्तुत गरियो । तालिकीकरण गरिएका संकलित सूचनाहरूमध्ये प्रश्नावलीबाट प्राप्त शिक्षकहरूको प्रतिक्रियालाई समग्रताका दृष्टिले प्रतिशत निकाली व्याख्या गरियो । कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई पनि प्रतिशतका आधारमा तुलना तथा व्याख्या विश्लेषण गरियो ।

## १.१० शोधमा प्रयुक्त पद तथा पदावलीहरू

यस शोधपत्रमा प्रयुक्त देहायबमोजिमका पद तथा पदावलीहरूको अर्थ देहायबमोजिम निर्धारण गरी प्रयोगमा ल्याइएका छन् :-

### १.१०.१ सरकारी विद्यालय

सरकारी विद्यालय भन्नाले नेपाल सरकारबाट अनुदान पाउने गरी स्वीकृति प्राप्त विद्यालयलाई बुझिन्छ ।

### १.१०.१ निजी क्षेत्रका विद्यालय

निजी क्षेत्रका विद्यालय भन्नाले नेपाल सरकारबाट अनुदान नलिने गरी अनुमती वा स्वीकृति प्रदान गरिएका विद्यालयलाई बुझिन्छ ।

### १.१०.१ आवासीय विद्यालय

आवासीय विद्यालय भन्नाले नेपाल सरकारबाट आवासीय विद्यालयको रूपमा अनुमती वा स्वीकृति प्रदान गरिएको विद्यालय बुझिन्छ ।

### १.१०.४ शिक्षक

यस अध्ययनमा शिक्षक भन्नाले कक्षा ६ मा नेपाली व्याकरण शिक्षण गर्ने शिक्षकलाई जनाउँछ ।

### १.१०.५ कार्यकलाप

यस अध्ययनमा कार्यकलाप भन्नाले कक्षा ६ मा व्याकरण शिक्षण गर्दा शिक्षकले अपनाउने गरेका शिक्षण सिकाइ कार्यकलापलाई बुझिन्छ ।

### १.१०.६ विधि

प्रस्तुत अधययनमा विधि भन्नाले व्यारकण शिक्षण गर्दा अपनाउने गरेका शिक्षण विधिलाई बुझिन्छ ।

### १.१०.७ तालिम प्राप्त शिक्षक

यस अध्ययनमा तालिम प्राप्त शिक्षक भन्नाले नेपालीमा आइ.एड. उत्तीर्ण गरेका वा तालिम दिने संघसंस्थाबाट नेपाली विषयमा १० महिना वा सोभन्दा बढी अवधिको तालिम लिएका शिक्षक भन्ने बुझिन्छ ।

### १.१०.८ तालिम अप्राप्त शिक्षक

यस अध्ययनमा तालिम अप्राप्त शिक्षक भन्नाले नेपाली विषयमा शिक्षाशास्त्र सङ्काय बाहेक अन्य सङ्कायबाट प्रमाणपत्र तह उत्तीर्ण भएका वा १० महिना भन्दा कम अवधिको तालिम लिएका वा कुनै पनि तालिम नलिएका शिक्षक भन्ने बुझिन्छ ।

## १.११ अध्ययनको रूपरेखा

यस शोधपत्रको अध्ययनको रूपलेखा यसप्रकार राखिएको छ :

1. पृष्ठभूमि/परिचय
2. व्याकरण र व्याकरण शिक्षणका प्रमुख विधिहरूको सैद्धान्तिक परिचय
3. व्याख्या विश्लेषण
4. निर्दिष्ट पक्षहरूबीच तुलना
5. निष्कर्ष र सुझावहरू
6. सन्दर्भ सामग्री
7. परिशिष्ट

# अध्याय – दुई
# सैद्धान्तिक परिचय

## २.१ व्याकरण

भाषा शिक्षणमा व्याकरणको अत्यन्त महत्व रहेको छ । संसारमा धेरै भाषाहरू बोलिन्छन् र यी सबै भाषा आ-आफ्नै नियमद्धारा व्यवस्थित हुन्छन् । शब्द बन्ने तरिका, वाक्य बन्ने तरिका, लिङ्ग, वचन, आदर आदिका व्यवस्थाहरू फरक-फरक हुन सक्छन् । यी सबै व्यवस्थाहरू नियमबद्ध हुन्छन् । भाषाभित्रका यिनै नियम र अनुशासनलाई व्याकरण भन्न सकिन्छ । समयको गतिसँगै भाषामा पनि परिवर्तन र परिवहन भइरहन्छ । भाषालाई समयसापेक्ष बनाउनका लागि शब्दलाई अनुशासन गर्ने काम व्याकरणले गर्दछ । अतः व्याकरण भनेको भाषाको नियम हो र नियम अध्ययन गरिने विज्ञान हो । भाषाका कथ्य र लेख्य गरी दुई रूप हुन्छन् । कथ्य र लेख्य भाषाको छुट्टाछुट्टै अस्तित्व छ । त्यसैले लेख्य वा मानक रूपको लागि व्याकरणको आवश्यकता पर्दछ ।

व्याकरणका सन्दर्भमा व्याकरणलाई प्रष्ट्याउन यसका विषयमा विभिन्न व्याकरणहरू तथा विद्वान्हरूले प्रकट गरेका परिभाषाहरूलाई यहाँ उल्लेख गर्नु सान्दर्भिक ठानिन्छ । बालचन्द्र शर्माको नेपाली शब्दकोषमा "कुनै भाषाका शब्द, तिनका रूप, वाक्य आदिको शुद्ध प्रयोग गर्ने निरूपण गर्ने शास्त्र"[1] भनी व्याकरणको परिभाषा गरिएको छ । त्यसैगरी पुष्कर शम्शेर ज.ब.रा. को सजिलो नेपाली व्याकरणमा "नेपाली व्याकरण भनेको हामीलाई नेपाली कुरा शुद्ध गरी लेख्न र बोल्न सिकाउने शास्त्र हो"[2] भनिएको छ । अर्को परिभाषाको रूपमा व्याकरण समिति, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा निर्मित बृहत् नेपाली व्याकरणमा "जुन शास्त्रमा विभिन्न वर्ण, शब्दरूप, शब्दभेद, प्रकृति, प्रत्यय, धातु, धातुरूप, वाक्य, वाक्यभेद,

[1]शर्मा, बालचन्द्र "नेपाली शब्दकोश" द्वितीय संस्करण सृष्टि प्रकाशन, २०५७, पृष्ठ ९८८ ।

[2]ज.ब.रा. पुष्कर शम्शेर, "सजिलो व्याकरण" सातौँ संस्करण, साझा प्रकाशन २०५०, पृष्ठ १ ।

कुन ठाउँमा कस्तो रूप प्रयोग गर्नुपर्छ आदि कुरालाई विस्तारपूर्वक वर्णन गरिएको हुन्छ, त्यसलाई व्याकरण भनिन्छ"[3] भनी व्याकरणको परिभाषा दिइएको छ ।

यसरी उपर्युक्त व्याकरणहरू र विद्वान्हरूले प्रकट गरेका व्याकरणका परिभाषाहरूको अध्ययन पश्चात् व्याकरणलाई भाषाका अन्तर्निहित व्यवस्थाहरूको शुद्ध प्रयोग गर्न सिकाउने शास्त्रको रूपमा स्वीकार्न सकिन्छ । व्याकरणले भाषाको शुद्ध तथा मानक रूपको प्रयोग गर्न सिकाउँछ । व्याकरण अन्तर्गत भाषाको सबैभन्दा सानो अंशरूप देखि वाक्यसम्मका कुराहरूलाई समावेश गरी एकै ठाउँमा समेटिएका हुन्छन् ।

## २.२ व्याकरण शिक्षणको प्रयोजन

भाषा शिक्षणको माध्यम हो । भाषा शिक्षणको महत्वपूर्ण पक्ष व्याकरण हो । व्याकरणले भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) लाई शुद्धता प्रदान गर्दछ । यस अर्थमा व्याकरणलाई शासक र भाषालाई शासितका रूपमा हेर्न सकिन्छ । व्याकरण सिकाउनको प्रयोजन र तरिकाको सन्दर्भमा परम्परागत मानयता र आधुनिक मान्यताबीच भिन्नता रहेको पाइन्छ । परम्परागत दृष्टिमा भाषा शुद्धसँग बोल्न र लेख्न सिकाउने विधालाई व्याकरण मानिन्छ । परम्परागत व्याकरणका आधारमा व्याकरणको औपचारिक शिक्षण नगरी भाषा शुद्धसँग बोल्न र लेख्न नसकिने हुँदा कुनै पनि भाषाका वक्ताले शुद्ध भाषाको प्रयोग गर्नका लागि व्याकरण सिक्नु अनिवार्य ठानिन्छ । आधुनिक दृष्टिमा भाषा सिकेपछि व्याकरण स्वतः सिकिन्छ भन्ने मान्यता रहेको छ । व्याकरण भाषासँग अन्तर्निहित हुने भएकोले यसलाई भाषिक कुशलताको विकासका लागि उपयोगमा ल्याउने साधनको रूपमा हेरिएको पाइन्छ ।

व्याकरण विधा स्वभावैले बढी सैद्धान्तिक वा नियममूलक विधा हो । त्यसैले अन्य विधाका तुलनामा यसको सिकाइमा नीरसता आउन सक्छ । व्याकरण शिक्षण गर्दा शिक्षकले विद्यार्थीहरूको रुचि, क्षमता, उमेर, व्यक्तिगत विभिन्नतालाई ख्याल गरेर उपयुक्त शिक्षण विधिको अवलम्बन गर्नुपर्ने हुन्छ । शिक्षकले सकेसम्म रोचक ढंगले शिक्षण गर्नु पर्छ । जसमा बीच बीचमा रमाइलो गर्ने, केही हास्य खालका कुराहरू गर्ने, उखान टुक्काहरू गर्ने आदि

---

[3] व्याकरण समिति "वृहत् नेपाली व्याकरण", नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३३, पृष्ठ १० ।

गर्न सकिन्छ । यसका लागि व्याकरण शिक्षणको प्रयोजन के हो भन्ने कुरामा शिक्षक स्पष्ट हुनुपर्छ । शिक्षार्थीहरूमा पनि व्याकरणिक नियमहरू बुझ्नको लागि आवश्यक भाषिक पृष्ठभूमिको विकास भएको हुनुपर्छ । शिक्षार्थीहरूलाई भाषाका व्यवस्था प्रति सचेत गराउने, अन्य भाषाको संरचना थाहा पाउने, भाषाका नियम ठम्याउने भाषिक विशेषता पहिल्याउने, भाषाको शुद्ध रूपको प्रयोग गर्ने, स्थानीय भाषिक भेदबाट प्रवाहित संरचनालाई छुट्याई मानक रूपको प्रयोग गर्न सक्षम बनाउने प्रयोजनले व्याकरण शिक्षण गरिन्छ । व्याकरणले भाषा शुद्ध अशुद्ध, शिष्ट, अशिष्ट, सही, गलत, उपयुक्त, अनुपयुक्त प्रयोगलाई ठम्याउने सचेतता प्रदान गर्दछ ।

निम्न माध्यमिक तहदेखि क्रमशः सरल जटिलको क्रममा आगमनात्मक तरिकाले व्याकरणात्मक सूझ विकास गरी सामान्य नियम निर्माण र पालन गर्न सक्ने अभिप्राय राखेर सोही अनुरूप व्याकरणात्मक प्रयोग र अभ्यासलाई अघि बढाउनु आवश्यक र उचित देखिन्छ । यसैगरी विद्यार्थीहरूको भाषिक पृष्ठभूमिलाई ध्यानमा राखेर उनीहरूको क्षमताअनुरूप विभिन्न विधिहरूले प्रयोग गरी व्याकरण शिक्षण गरिनुपर्छ । व्याकरण सिकाउँदा सैद्धान्तिक तरिकाबाट भन्दा प्रयोगात्मक तरिकाले सिकाउँदा बढी प्रभावकारी हुन्छ । कुनै अवस्थामा भाषिक त्रुटिहरूलाई सुधार्न व्याकरणको सैद्धान्तिक ज्ञान अपर्याप्त हुन जान्छ र प्रयोगात्मक पक्षले प्रयोगमा ल्याउनु पर्ने हुन जान्छ । भाषामा हुने सही तथा गलत प्रयोगप्रति सचेतताका साथै उक्त प्रयोगको निरीक्षण, पर्यवेक्षण र विश्लेषण समेत गर्ने क्षमताको विकासका लागि व्याकरण शिक्षण अपेक्षित ठानिन्छ । व्याकरणको शिक्षण गर्नाले शिक्षार्थीलाई शिष्ट, मानक, शुद्ध एवम् परिष्कृत भाषा प्रयोग गर्ने क्षमताको विकास गराउँछ ।

## २.३ व्याकरण शिक्षणका प्रमुख विधिहरू

पाठ्यक्रमको लक्ष्य र उद्देश्यअनुरूप विषयवस्तुको प्रभावकारी शिक्षण गर्न र उक्त लक्ष्य र उद्देश्यमा पुऱ्याउनका लागि शिक्षणका क्रममा प्रयोग गरिने विधिलाई शिक्षण विधि भनिन्छ । भाषा शिक्षणका क्रममा विभिन्न किसिमका शिक्षण विधिको उपयोग गरिन्छ । पाठ्यक्रमको लक्ष्य तथा उद्देश्यअनुरूप बालबालिकालाई उक्त लक्ष्य र उद्देश्यमा पुऱ्याउनका लागि विषयवस्तुको शिक्षण गर्दा अपनाइने विधिको महत्वपूर्ण भूमिका हुने भएकाले शिक्षणका क्रममा कुन कुन विधि उपयुक्त हुन्छ भन्ने कुरा महत्वपूर्ण हुन जान्छ । कुन

स्थितिमा के कस्ता विधिको उपयोग गरी भाषा सिकाइका क्रममा अपेक्षित लक्ष्य हासिल गर्न बढी मद्दत मिल्न सक्छ भन्ने कुराको जानकारी शिक्षकलाई भएमा मात्र उसले परिस्थिति अनुरूप विधिको छनोट गर्न सक्ने हुन्छ ।

विभिन्न विधा अन्तर्गत विधिहरू फरक-फरक हुन सक्छन् । व्याकरण शिक्षणका क्रममा अपनाइने विधिहरू यसप्रकार छन् :-

### क) निगमन विधि

निगमनको अर्थ नियमअनुसार व्यवस्थित रूपले गमन गर्नु हो । व्याकरण शिक्षणका लागि यो विधि निकै महत्वपूर्ण मानिन्छ । यो विधि व्याकरण शिक्षणको पुरानो विधि हो । सिद्धान्तबाट व्यवहारतर्फ जाने विधिलाई निगमन विधि भनिन्छ । नियमीकरण, उदाहरणीकरण, प्रयोग र अभ्यासका क्रममा निर्देशित व्याकरण शिक्षण विधि नै निगमन विधि हो । यसले व्याकरणलाई भाषाबाट अलग्याएर औपचारिक रुमपा शिक्षण गर्ने प्रविधिमा जोड दिन्छ । यसले भाषा पाठ्यपुस्तकभन्दा छुट्टै पाठ्यपुस्तकका आधारमा व्याकरण शिक्षण गर्न निर्देशित गर्दछ । सैद्धान्तिक नियम वा सूत्रअनुसार वा पूर्व स्थापित अवधारणा पूर्वकल्पना सिद्धान्त, नियमहरूको स्पष्टीकरण, व्याख्या, पुनर्व्याख्या, उदाहरणीकरण र परीक्षण र प्रयोग आदि कुरालाई आधार बनाएर शिक्षण गर्न निर्देशित गर्ने शिक्षण विधिलाई निगमन विधि भनिन्छ । पहिला नियम सिकाएर पछि सोही अनुरूप अभ्यास गराइने भएकाले यस विधिको माध्यमबाट शिक्षण गर्दा विद्यार्थीहरूको बौद्धिक स्तर अभिवृद्धि गर्न तथा सिर्जनात्मक क्षमताको अभिवृद्धि गर्न बाधा पुग्दछ । यस विधिको प्रयोगले विद्यार्थीमा स्वतन्त्र रूपले अभ्यास गर्ने बानीमा ह्रास आउन सक्छ । पहिलादेखि परम्परागत रूपमा चल्दै आएको यो विधि मूलतः भाषाका व्याकरणात्मक नियम र सिद्धान्तअनुरूप भाषा शिक्षण गर्न प्रवृत्त रहेको पाइन्छ । व्याकरणलाई सैद्धान्तिक रूपमा सिकाउने दृष्टिकोण निगमन विधिले राखेको पाइन्छ । यसले नियमहरूको कण्ठस्थीकरण गर्ने र रट्ने प्रवृत्तिलाई प्रोत्साहन दिन्छ । यो शिक्षक केन्द्रित विधिका रूपमा परिचित छ र शिक्षककै सक्रिय सहभागितामा यसका कार्यकलापहरू सञ्चालन हुन्छन् ।

## ख)  आगमन विधि

आगमनको अर्थ आउनु हो । त्यसैले निगमन विधिको विपरीत उदाहरणीकरण, नियमीकरण, अभ्यास र आवृत्तिको क्रममा व्याकरण शिक्षण गर्ने आधुनिक विधिलाई आगमन विधि भनिन्छ । नियमतर्फबाट गमन नगरी उदाहरणतर्फबाट नियमतिर आउने वा आगमन गर्ने भएकाले नै यसलाई आगमन विधि भनिएको हो । भाषाका व्याकरणतत्व सिकाउनको लागि विभिन्न उदाहरणहरू प्रस्तुत गरी औपचारिक रूपले विद्यार्थीहरूलाई बढी सक्रिय गराई व्याकरण शिक्षण गर्ने विधि नै आगमन विधि हो । व्याकरण भाषाको उपज हो तर भाषा व्याकरणको उपज होइन भन्ने तथ्यलाई यस विधिले अङ्गीकार गर्दछ । यस विधिले भाषालाई मुख्य रूपमा प्रयोग तथा व्यवहारका रूपमा हेर्छ । भाषालाई सुनेर, बोलेर, पढेर र लेखेर सिकिने हुँदा यसबारे पूर्व स्थापित नियमको स्पष्टीकरण, पुष्टीकरण, व्याख्या आदिको कमै महत्व रहन्छ । पहिला उदाहरण दिएर पछि सिद्धान्तको खोजी गर्न लगाइने भएकाले भाषा शिक्षणका क्रममा प्रयोग गरिने विधिबाट विद्यार्थीहरूको बौद्धिक स्तर अभिवृद्धि हुनुका साथै सिर्जनात्मक क्षमताको पनि अभिवृद्धि हुने गर्दछ । विद्यार्थीहरूलाई स्वतन्त्र रूपले अभ्यास गर्ने बानीको विकास गराउनमा यस विधिले निकै सहयोग पुऱ्याउँछ । विद्यार्थीहरूले आफै व्याकरणका नियमहरू हेर्न सक्ने, आफूले सिकेका व्याकरणात्मक धारणाहरूको सामान्यीकरण गर्न सक्ने, आवश्यकतानुसार आफै परिभाषा र नियम बनाउन सक्ने हुँदा भाषा शिक्षणका क्रममा व्याकरण शिक्षण गराउँदा यो विधि बढी प्रभावकारी देखिन्छ । यो विधि उच्च कक्षामा भन्दा माध्यमिक तहसम्मको भाषाशिक्षण सिकाइमा अत्यन्त प्रभावकारी र वैज्ञानिक शिक्षण विधिका रूपमा स्थापित भएको पाइन्छ । भाषाका सबै सीपलाई समानुपातिक महत्व दिएर सोही किसिमको अभ्यासात्मक एवम् सिर्जनात्मक कार्यकलापलाई प्रोत्साहित गर्ने तथा विद्यार्थीहरूमा उत्सुकता पैदा गर्दै सुरुदेखि अन्त्यसम्म रुचिपूर्ण ढंगले ध्यानपूर्वक सुन्न, बोध गर्न, सोच्न र निष्कर्षमा पुऱ्याउन मद्दत गर्ने विधि नै वास्तवमा आगमन विधि हो । आधुनिक शिक्षण सिकाइका सिद्धान्तहरूलाई आत्मसात् गरेर प्रयोगमा ल्याइएको हुनाले यो विधि व्याकरण शिक्षणको सबैभन्दा उपयुक्त र वैज्ञानिक विधि पनि भनिन्छ ।

### ग) भाषा संसर्ग विधि वा प्रत्यक्ष विधि

भाषा र व्याकरणलाई अलग-अलग रूपमा शिक्षण नगरी एकीकृत रूपले भाषाभित्रै व्याकरण शिक्षण गर्ने विधिलाई भाषासंसर्ग विधि भनिन्छ । यस विधिसँग आगमन विधिका कतिपय विशेषताहरू मिल्छन् । व्याकरणको औपचारिक शिक्षण बिना नै भाषाको सीप विकास गर्न तथा भाषामा देखा पर्ने त्रुटिहरूको निराकरण गर्न सकिन्छ भन्ने मान्यता यस विधिमा रहेको छ । यस विधिले नियन्त्रित किसिमका भाषिक पाठ्यसामग्रीको उपयोग गरेर विद्यार्थीहरूमा भाषिक बानी निर्माण गर्नमा जोड दिन्छ । राम्रो भाषिक वातावरण प्राप्त भएको खण्डमा उपयुक्त व्याकरणात्मक ढाँचा स्वतः आत्मसात गर्दै जान सक्छ भन्ने कुरामा यो विधिले जोड दिन्छ । अर्को शब्दमा भन्ने हो भने भाषा संसर्ग वा प्रत्यक्ष विधिले व्याकरण सिकाउन आवश्यक छैन, यो स्वतः सिकिन्छ भन्ने कुरालाई जोड दिन्छ । (अधिकारी, नेपाली भाषा शिक्षण, १५९)

भाषा संसर्ग विधिअनुसार विभिन्न श्रव्य-दृश्य माध्यमको उपयोग गरी भाषा विकासका लागि कक्षामा पनि भाषाको अनुसरण अभ्यासलाई नै पर्याप्त ठानिन्छ । व्याकरणको औपचारिक शिक्षणले प्रसंगानुकूल प्रयोगको वेवास्ता गर्न सक्छ भने भाषाको प्रसंगानुकूल प्रयोग भाषा संसर्ग विधिको मुख्य विशेषता हो । पहिलो र दोस्रो भाषा सिक्नका निमित्त प्रारम्भिक अवस्थामै भाषा संसर्ग विधिलाई निकै महतवपूर्ण मानिन्छ । भाषा संसर्गद्वारा शिक्षार्थीमा भाषाको राम्ररी विकास हुन सके तापनि उसले जानेका भाषाको विश्लेषण गर्ने क्षमता नहुन सक्छ । भाषा सिकाइको लागि घरपरिवार, छरछिमेक तथा समुदायमा उपयुक्त भाषिक वातावरण नमिल्न सक्छ । यसले गर्दा शिक्षार्थीमा भाषामा कुनै न कुनै त्रुटि रहने सम्भावना हुन्छ । अतः विद्यार्थीहरूलाई आफ्ना र अरुका भाषा प्रयोगमा भएका त्रुटिहरू औंल्याउने क्षमताका विकास गर्नका लागि व्याकरणको औपचारिक शिक्षण आवश्यक पर्ने देखिन्छ ।

### घ) भाषा पाठ्यपुस्तक विधि

भाषा पाठ्यपुस्तकबाटै पाठगत वा विधागत प्रयोग प्रसंगका आधारमा व्याकरण शिक्षण गर्ने विधिलाई भाषा पाठ्यपुस्तक विधि भनिन्छ । यसलाई आगमन विधि र प्रत्यक्ष भाषा विधिका समिश्रित विधिका रूपमा पनि चिनिन्छ । यस विधिले "व्याकरण भाषाभित्र छ र भाषा व्याकरणबद्ध छ" भन्ने दृष्टिकोण राख्दछ भन्ने कुरामा हेमाङ्गराज अधिकारीले नेपाली

भाषा शिक्षण नामक पुस्तिकामा उल्लेख गरेका छन् । यस विधिअनुसार छुट्टै पाठ्यपुस्तकबाट व्याकरण सिकाउनु भन्दा सम्बन्धित पाठ्यपुस्तकबाट व्याकरण सिकाउँदा प्रासङ्गिकता, रोचकता, प्रभावकारिताको समेत सिर्जना हुन जान्छ भन्ने कुरामा जोड दिन्छ । यस विधिले परम्परागत रूपमा व्याकरण सिकाउनतर्फ नभई पाठका मूल अंशमा भएका व्याकरणात्मक तत्वका आधारमा व्याकरण सिकाउन प्रेरित गर्दछ । भाषा व्याकरणको प्रयोग क्षेत्र भएकाले भाषाभाषिक सुझको विकास गर्न सकिन्छ । यसमा सुरुमा पाठ्यपुस्तकमा प्रयोग गरिएका उदाहरणमा अभ्यस्त गराइन्छ, त्यसपछि नियमीकरण गर्ने क्रममा नियम सिकाइन्छ र स्पष्ट पार्ने काम गरिन्छ । तत्पश्चात् सबलीकरणको रुमपा पाठ्यपुस्तकमा समाविष्ट व्याकरणिक पक्षको खोज गर्न लगाइन्छ । यस विधिअनुसार व्याकरण शिक्षण गर्दा कुनै पनि व्याकरणात्मक तत्वलाई सर्वप्रथम सामान्य आगमनात्मक ढंगले अवधारणा बसाली तत्सम्बन्धी सचेतताको विकास गर्न सकिन्छ र त्यसपछ पाठभित्रबाट प्रत्यक्ष रूपमा सम्बन्धित तत्व चिन्न, छुट्याउन र प्रयोग उदाहरणका प्रशस्त सम्भावनाहरू पहिल्याउन मद्दत लिन सकिन्छ ।

पाठभित्रैका प्रयोग प्रसंगका उदाहरणबाट प्रत्यक्षताको बोध हुने र तिनको आगमनात्मक ढंगले प्रयोग अभ्यास र नियमीकरण गर्न समेत मद्दत पुगने भएकाले वर्तमान परिवेशमा माध्यमिक तहसम्म यसै विधिलाई प्राथमिकता दिन खोजिएको आभास पाइन्छ । भाषाको प्रयोग भित्र व्याकरणको खोजी गर्नु यस विधिको मुख्य अभिप्राय हो । २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि व्याकरणलाई भाषा शिक्षणको अभिन्न अंगको रूपमा लिएर भाषा पाठ्यपुस्तकका अभ्यास स्तम्भमा नै व्याकरणात्मक तत्वलाई समावेश गरिएको छ । तसर्थ व्याकरणको प्रयोगात्मक ज्ञानको लागि भाषा पाठ्यपुस्तक विधिको उपयोग गर्नु तर्कसंगत नै मानिन्छ ।

# अध्याय – तीन
# अध्ययन विधि

## ३.१ परिचय

प्रस्तुत अध्यायमा शोधकार्य सम्पन्न गर्ने क्रममा जनसङ्ख्या प्रतिनिधि नमुना सामग्री निर्माण, तथ्यको सङ्कलन, तथ्यको व्याख्या विश्लेषण र सारांशका बारेमा केही चर्चा गर्ने कार्य गरिएको छ ।

## ३.२ जनसङ्ख्या

प्रस्तुत शोधपत्र निर्माणका लागि शोधकार्य सम्पन्न गर्ने क्रममा तराईको उदयपुर जिल्लाका सरकारी विद्यालय ५ वटा र निजी तथ्य आवासीय विद्यालय, ५ वटा गरी जम्मा १० वटा विद्यालयहरूका विद्यार्थी तथा शिक्षक मात्र जनसङ्ख्याका रूपमा लिइयो । हुन त अधिराज्यभरि निम्न माध्यमिक विद्यालयहरू धेरै नै छन् । तापनि विविध समस्याका बावजुद उदयपुर जिल्लाका १० वटा विद्यालयहरूलाई जनसङ्ख्याका रूपमा लिने कार्य भएको छ । यी विद्यालयहरूमा तालिम प्राप्त शिक्षक/शिक्षिका गरी दुई किसिमका शिक्षक/शिक्षिका पाइयो । तिनीहरूलाई तलको तालिकाद्वारा देखाउन सकिन्छ :

**तालिका नं. ३.१**

**तालिम प्राप्त र तालिम अप्राप्त शिक्षक/शिक्षिकाको वितरण**

| विद्यालय | शिक्षक सङ्ख्या | तालिम प्राप्त शिक्षक | तालिम अप्राप्त शिक्षक |
|---|---|---|---|
| सरकारी विद्यालय | ५ | ४ | १ |
| निजी तथा आवासीय विद्यालय | ५ | ३ | २ |
| जम्मा विद्यालय | १० | ७ | ३ |

स्रोत : सम्बन्धित विद्यालयहरुको तथ्याङ्क फाँट

सुपरिवेक्षण गरिएका विद्यालयहरूमा तालिम प्राप्त शिक्षक जम्मा ७ जना र तालिम अप्राप्त शिक्षक जम्मा ३ जना पाइयो । सरकारी विद्यालयमा ४ जना तालिम प्राप्त शिक्षक/शिक्षिका र १ जना तालिम अप्राप्त शिक्षक/शिक्षिका पाइयो भने निजी तथा आवसीय विद्यालयहरूमा पनि ५ वटा विद्यालयमा ३ जना तालिम प्राप्त र २ जना तालिम अप्राप्त शिक्षक/शिक्षिका पाइयो । सरकारी विद्यालयमा भन्दा निजी तथा आवासीय विद्यालयमा तालिम प्राप्त शिक्षक/ शिक्षिकाहरू कम र तालिम अप्राप्त शिक्षक/शिक्षिकाहरू बढी पाइयो । व्याकरण शिक्षणको क्रममा तालिम प्राप्त शिक्षक/शिक्षिका र तालिम अप्राप्त शिक्षक/शिक्षिका स्पष्ट रूपमा फरक पाइयो ।

## ३.३ प्रतिनिधि नमुना

भित्री मधेश अन्तर्गत उदयपुर जिल्लाभित्रका सरकारी विद्यालय ५ वटा र निजी तथा आवासीय विद्यालय ५ वटा गरी जम्मा १० वटा विद्यालयहरू प्रतिनिधि नमुनाका रूपमा रहेका छन् । प्रतिनिधि नमुनाका रूपमा लिइएका विद्यलायहरू निम्नानुसार रहेका छन् :-

**सरकारी विद्यालय**

- श्री सत्यदेवी नि.मा.वि., भुल्के
- श्री शिवशक्ति नि.मा.वि, वगाहा
- श्री राष्ट्रिय मा.वि., वगाहा
- श्री पञ्चकन्या मा.वि., पात्लेवास
- श्री रामजानकी मा.वि., मोतीगडा

**निजी तथा आवासीय विद्यालयहरू**

- श्री उदयसी इ. बो. स्कुल, जलजले
- श्री एभरग्रीन इ.बो. स्कुल, मोतीगडा
- श्री उदयपुर इ.बो. स्कुल, गाइघाट
- नमुना आवासीय मा.वि., गाइघाट
- श्री सरस्वती इ.बो. स्कुल, देउरी

## ३.४ सामग्री निर्माण

प्रस्तुत शोधपत्र निर्माण गर्नका लागि १० वटा विद्यालयहरूमा सुपरिवेक्षणका लागि प्रश्नावली र कक्षा अवलोकन फारामको निर्माण गरी अनुसन्धान गरियो । प्रश्नावलीमा २० वटा प्रश्नहरू समावेश गरिएका थिए भने कक्षा अवलोकन फाराममा ८ वटा शीर्षक अन्तर्गत ३९ वटा उपशीर्षकहरू राखिएका थिए । प्रश्नावलीमा शिक्षक/शिक्षिका आफै ठीक उत्तरमा ठीक चिह्न (3) र बेठीक उत्तरमा बेठीक चिह्न (×) लगाएका थिए भने कक्षा अवलोकन फाराम प्रत्यक्ष रूपमा अवलोकन गरी शोध अनुसन्धानकर्ताद्वारा स्वयम् भरिएको थियो ।

## ३.५ तथ्यको सङ्कलन

तथ्य सङ्कलनगर्ने क्रममा भित्री मधेशअन्तर्गत उदयपुर जिल्लामा रहेका सरकारी विद्यालय मध्येबाट कुनै ५ वटा विद्यालय र निजी आवासीय विद्यालयमध्येबाट कुनै ५ वटा विद्यालय गरी जम्मा १० वटा विद्यालयको स्थलगत सुपरिवेक्षण गर्ने कार्य गरियो । ती विद्यालयमा तालिम लिएका र तालिम नलिएका शिक्षक/शिक्षिकाहरूले कक्षा ६ मा व्याकरण शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधिहरूका साथै सम्पूर्ण क्रियाकलापहरूको समेत अवलोकन गरियो । अवलोकन गर्न जाँदा सुरुमा शिक्षक/शिक्षिकाहरूको समेत अवलोकन गरियो । अवलोकन गर्न जाँदा सुरुमा शिक्षक/शिक्षिकाहरूलाई शोधपत्र तयार पार्नका लागि बनाइएको सामग्री प्रश्नावली भर्न लगाइयो भने त्यसपछि मात्र शिक्षक/शिक्षिकाको कक्षा अवलोकन गरी उनीहरूले व्याकरण शिक्षण गर्दा अपनाइएका विधिहरूको अनुसन्धान गरी अन्य क्रियाकलापका बारेमा पनि कक्षा अवलोकनका लागि तयार पारिएको कक्षा अवलोकन फाराममा राखिएका शीर्षक तथा तिनका उपशीर्षकहरूमा रेजा चिह्न लगाउने कार्य गरियो । कक्षा अवलोकनका लागि विद्यालयहरूमा गएर एक जना शिक्षक/शिक्षिकाका निम्ति १ घण्टी मात्र कक्षा अवलोकन गरियो ।

## ३.६ तथ्यको व्याख्या विश्लेषण

उपर्युक्त शोधकार्य सम्पन्न गर्नका लागि कक्षा अवलोकन फाराम भरियो जसमा ८ वटा शीर्षक राखिएका थिए । ती आठवटा शीर्षकहरूमा विभिन्न किसिमका उपशीर्षकहरू राखी जम्मा ३९ वटा उपशीर्षकहरू समेत समावेश गरिएको थियो । कक्षा अवलोकन

फाराम बाहेक अर्को सामग्रीका रूपमा प्रश्नावली पनि तयार पारिएको थियो । प्रश्नावलीमा कक्षा ६ मा व्याकरण शिक्षणसँग सम्बन्धित २० वटा प्रश्नहरू समावेश गरी ठीक र बेठीक चिह्न लगाउने व्यवस्था गरियो जसले गर्दा तथ्याङ्क निकाल्न सरल र मान्य होस् ।

## ३.७ सारांश

1. शोधकार्य अध्ययन गर्ने क्रममा सरकारी विद्यालय ५ वटा र निजी तथा आवासीय विद्यालय ५ वटा गरी जम्मा १० वटा विद्यालयलाई जनसङ्ख्याको रूपमा लिइयो ।

2. शोधकार्य सम्पन्न गर्नका लागि प्रत्येक विद्यालयमा प्रश्नावली र कक्षा अवलोकन फाराम लिई सुपरिवेक्षण गर्ने कार्य गरियो ।

3. कक्षाअवलोकन गर्दा तालिम प्राप्त शिक्षक/शिक्षिका र तालिम अप्राप्त शिक्षक/शिक्षिका बीचमा आवश्यक तथ्यहरू सङ्कलन गरियो ।

4. प्रश्नावलीमा व्याकरण शिक्षणका लागि २० वटा प्रश्नहरू समावेश गरिएका थिए भने कक्षा अवलोकन फाराममा ८ वटा शीर्षक र ८ वटा शीर्षक अन्तर्गत ३९ वटा उपशीर्षकहरू समावेश गरिएको थियो ।

# अध्याय – चार
# व्याख्या तथा विश्लेषण

## ४.१ परिचय

शोधपत्र तयार पार्न राखिएका उद्देश्यहरू पूरा गर्ने क्रममा अध्याय चारमा व्याख्या तथा विश्लेषण गरिएको छ । व्याख्या तथा विश्लेषण अन्तर्गत विद्यालय र शिक्षकको विवरण, कक्षा अवलोकन फारामको नतिजा, सरकारी र निजी तथा आवसीय विद्यालयले कक्षा अवलोकन फारामबाट प्राप्त गरेको तथ्याङ्क र नतिजा, सरकारी र निजी तथा आवासीय विद्यालयले प्रश्नावलीबाट प्राप्त गरेको तथ्याङ्क र नतिजा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षक/शिक्षिकाको तुलना, कक्षा अवलोकन फारामको शीर्षकगत तुलना, प्रश्नावलीबाट नतिजाको तुलना र सारांश राखिएको छ ।

## ४.२ विद्यालय शिक्षकको विवरण

**तालिका नं. : ४.१**

**तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको प्रतिशत**

| विद्यालय | विद्यालय सङ्ख्या | तालिम प्राप्त शिक्षक | तालिम अप्राप्त शिक्षक | तालिम प्राप्त शिक्षक प्रतिशत | तालिम अप्राप्त शिक्षक प्रतिशत |
|---|---|---|---|---|---|
| सरकारी | 5 | 4 | 1 | 80% | 20% |
| निजी तथा आवसीय विद्यालय | 5 | 3 | 2 | 60% | 40% |
| जम्मा | 10 | 7 | 3 | 70% | 30% |

स्रोत : सम्बन्धित विद्यालयकाहरुको तथ्याङ्क फाँट

माथि उल्लेखित तथ्याङ्कबाट के देखिन्छ भने सरकारी विद्यालय र निजी तथा आवासीय विद्यालय गरी दुई प्रकारका विद्यालयमा कक्षा ६ मा व्याकरण शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिको अध्ययन गरियो । उदयपुर जिल्लाभित्रका सरकारी विद्यालयमध्येबाट कुनै ५ वटा विद्यालय र निजी तथा आवसीय विद्यालयबाट कुनै ५ वटा विद्यालय गरी जम्मा १० वटा विद्यालयहरूमा शोधपत्रका उद्देश्यहरूमा केन्द्रित रहेर प्रस्तुत शोधकार्य पूरा गरियो । ती विद्यालयहरूमा सरकारी विद्यालयहरूमा तालिम प्राप्त शिक्षक/शिक्षिका ४ जना पाइयो जसलाई प्रतिशतमा लैजाँदा ८० प्रतिशत हुन आउँछ भने तालिम अप्राप्त शिक्षक/शिक्षिका १ जना पाइयो जसलाई प्रतिशतमा लैजाँदा २० प्रतिशत हुन आउँछ । निजी तथा आवासीय विद्यालयहरूमा तालिम प्राप्त शिक्षक ३ जना पाइयो । जसलाई प्रतिशतमा लैजाँदा ६० प्रतिशत हुन आउँछ । त्यसैगरी तालिम अप्राप्त शिक्षक २ जना पाइयो जसलाई प्रतिशतमा लैजाँदा ४० प्रतिशत हुन आउँछ । प्रतिनिधि नमुनाका रूपमा लिइएका १० वटा विद्यालयमा तालिम प्राप्त शिक्षक/शिक्षिका ७ जना र तालिम अप्राप्त शिक्षक/शिक्षिका ३ जना पाइयो जसलाई प्रतिशतमा लैजाँदा क्रमश: ७० र ३० प्रतिशत हुन आउँछ ।

माथि उल्लेखित तथ्याङ्कबाट के स्पष्ट हुन आउँछ भने तालिम प्राप्त शिक्षक/शिक्षिका र तालिम अप्राप्त शिक्षकहरूले प्रयोग गर्ने गरेको शिक्षण विधिमा एकरूपता पाइँदैन । तालिम अप्राप्त शिक्षकको तुलनामा तालिम प्राप्त शिक्षकले प्रयोग गर्ने शिक्षण विधिहरू उपयुक्त र स्तरयुक्त रहेको पाइयो ।

## ४.३ कक्षा अवलोकन फारामको नतिजा

कक्षा ६ मा व्याकरण शिक्षण गर्दा शिक्षकहरूले कुन कुन शिक्षण विधि अपनाउँछन् भन्ने उद्देश्य राखेर प्रत्यक्ष रूपमा कक्षा अवलोकन गरियो । कक्षा अवलोकन गर्दा सरकारी विद्यालय ५ वटा र निजी तथा आवसीय विद्यालय ५ वटा गरी जम्मा १० वटा विद्यालयलाई समावेश गरियो । कक्षा अवलोकन फाराममा ८ वटा शीर्षक अन्तर्गत ३९ वटा उपशीर्षकहरू समावेश गरी कक्षा अवलोकन गर्ने कार्य गरियो । कक्षा अवलोकन फराममा

सिकाइ वातावरण शीर्षक अन्तर्गत ५ वटा उपशीर्षकहरू शिक्षकको व्यक्तित्व शीर्षक अन्तर्गत ५ वटा उपशीर्षकहरू, कक्षाको प्रारम्भ शीर्षक अन्तर्गत ४ वटा उपशीर्षकहरू, शैक्षिक सामग्री प्रयोग शीर्षक अन्तर्गत ६ वटा उपशीर्षकहरू, पाठको प्रस्तुति शीर्षक अन्तर्गत ५ वटा उपशीर्षकहरू, कक्षा कार्यकलाप शीर्षकअन्तर्गत ६ वटा उपशीर्षकहरू, शिक्षण विवधिको प्रयोग शीर्षक अन्तर्गत ४ वटा उपशीर्षकहरू र मूल्याङ्न शीर्षक अन्तर्गत ४ वटा उपशीर्षकहरू राखिएका थिए । उक्त शीर्षक अन्तर्गत रहेका उपशीर्षकहरूमा आधारित भएर कक्षा अवलोकन गर्ने कार्य गरियो र जसको मूल्याङ्नको लागि निम्न, मध्यम, उत्तम र अत्युत्तम गरी ४ वटा मापदण्ड छुट्याइयो । कक्षा अवलोकनको लागि राखिएका ८ वटा शीर्षकका उपशीर्षकहरूमा कक्षा अवलोकन गर्दा शिक्षकले व्याकरण शिक्षणका क्रममा प्रयोग गर्ने विधि र अन्य कुराको बारेमा कक्षा अवलोकनका लागि तयार बनाइएको कक्षा अवलोकन फराममा विविध किसिमका शीर्षक अन्तर्गतका उपशीर्षकहरूमा कक्षा अवलोकन गर्दै ठीक चिह्न लगाई निम्न, मध्यम, उत्तम र अत्युत्तम गरी चार किसिमले शिक्षकहरूको मापदण्ड निर्धारण गर्ने कार्य गरियो । समग्रमा कक्षा अवलोकन फारमको नतिजालाई हेर्दा तालिम अप्राप्त शिक्षकको तुलनामा तालिम प्राप्त शिक्षकहरूको व्याकरण शिक्षाका क्रममा स्पष्टता र स्तरयुक्तता पाइयो । तालिम प्राप्त शिक्षकहरूले तालिम अप्राप्त शिक्षकका तुलनामा कक्षाकोठामा आफ्नो शिक्षण कार्यलाई रोचक बनाउनुका साथै विषयवस्तुको प्रस्तुतीकरणमा स्तरयुक्त बनाइएको पाइयो ।

## ४.४ सरकारी विद्यालय र निजी तथा आवासीय विद्यालय कक्षा अवलोकन फारामबाट प्राप्त गरेको तथ्याङ्क र नतिजा

शोधकार्यलाई पूरा गर्ने क्रममा प्रतिनिधि नमुनाका रूपमा लिइएका सरकारी विद्यालय र निजी तथा आवासीय विद्यालयले व्याकरण शिक्षणका क्रममा प्राप्त गरेको तथ्याङ्क र नतिजालाई निम्नानुसार तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका ४.२**

**श्री सत्यदेवी नि.मा.वि. को कक्षा अवलोकन फारामबाट प्राप्त गरेको तथ्याङ्क र नतिजा**

| क.सं. | विषयवस्तु | नतिजा |
|---|---|---|
| १ | **सिकाइ वातावरण** | |
| | क) कक्षामा बसाइको व्यवस्था मिलाइएको | उत्तम |
| | ख) कक्षाकोठाको भित्तामा शैक्षिक सामग्रीहरू सजाइएको | मध्यम |
| | ग) शिक्षकले तयार गरेको सामग्रीहरू | निम्न |
| | घ) विद्यार्थीले तयार गरेका सामग्रीहरू | मध्यम |
| | ङ) बजारबाट खरिद गरिएका सामग्रीहरू | उत्तम |
| २ | **शिक्षकको व्यक्तित्व** | |
| | क) सफासुग्घर | अत्युत्तम |
| | ख) स्पष्ट | उत्तम |
| | ग) आत्मविश्वास | उत्तम |
| | घ) मिलनसार | उत्तम |
| | ङ) भाषिक शुद्धता | अत्युत्तम |
| ३ | **भाषिक प्रारम्भ** | |
| | क) हसिलो र मित्रवत भई कक्षामा प्रवेश गरेको | उत्तम |
| | ख) पूर्वपाठको पुनरावृत्ति | उत्तम |
| | ग) विद्यार्थी सहभागिता | अत्युत्तम |
| | घ) सिकारुको चाहना, रुचि, विशेषतासँग सुहाउँदो शिक्षणविधिको प्रयोग | निम्न |
| ४ | **शैक्षिक सामग्रीको प्रयोग** | |
| | क) स्पष्ट देखिने र बुझिने | उत्तम |
| | ख) उपयुक्त समयमा प्रयोग गरिएको | उत्तम |
| | ग) दैनिक प्रयोगका सामग्रीको प्रयोग | उत्तम |
| | घ) शब्दपत्ती र वाक्यपत्तीको प्रयोग | निम्न |
| | ङ) फ्लाटिन बोर्डको प्रयोग | निम्न |
| | च) गोजी तालिकाको प्रयोग | निम्न |

| | | |
|---|---|---|
| **५** | **पाठको प्रस्तुति** | |
| | क) विषयवस्तुको ज्ञान | अत्युत्तम |
| | ख) पाठको क्रमबद्धता | उत्तम |
| | ग) विषयवस्तुको पर्याप्तता | उत्तम |
| | घ) उदाहरणमा उपयुक्तता | उत्तम |
| | ङ) स्तरयुक्तता | उत्तम |
| **६** | **कक्षा कार्यकलाप** | |
| | क) अनुशासन | उत्तम |
| | ख) प्रश्नोत्तर | उत्तम |
| | ग) नयाँ धारणालाई प्रष्ट पार्ने काम | उत्तम |
| | घ) प्रशस्त अभ्यास गराइएको | निम्न |
| | ङ) सिक्नका लागि अभ्यास प्रदान गरिएको | उत्तम |
| | च) नबुझेका कुराहरू दोहोऱ्याइएको | उत्तम |
| **७** | **शिक्षण विधिको प्रयोग** | |
| | क) आगमन विधि | उत्तम |
| | ख) नियमन विधि | मध्यम |
| | ग) भाषा संसर्ग विधि | निम्न |
| | घ) भाषा पाठ्यपुस्तक विधि | उत्तम |
| **८** | **मूल्याङ्कन** | |
| | क) प्रश्नोत्तर | उत्तम |
| | ख) मूल्याङ्नमा सबै विद्यार्थीको सहभागिता भएको | मध्यम |
| | ग) कक्षाकार्य | मध्यम |
| | घ) गृहकार्य | उत्तम |

तालिका ४.३

श्री राष्ट्रिय मा.वि. को कक्षा अवलोकन फारामबाट प्राप्त गरेको तथ्याङ्क र नतिजा

| क.सं. | विषयवस्तु | नतिजा |
|---|---|---|
| १ | **सिकाइ वातावरण** | |
| | क) कक्षामा बसाइको व्यवस्था मिलाइएको | उत्तम |
| | ख) कक्षाकोठाको भित्तामा शैक्षिक सामग्रीहरू सजाइएको | उत्तम |
| | ग) शिक्षकले तयार गरेको सामग्रीहरू | मध्यम |
| | घ) विद्यार्थीले तयार गरेका सामग्रीहरू | निम्न |
| | ङ) बजारबाट खरिद गरिएका सामग्रीहरू | मध्यम |
| २ | **शिक्षकको व्यक्तित्व** | |
| | क) सफासुग्घर | उत्तम |
| | ख) स्पष्ट | उत्तम |
| | ग) आत्मविश्वास | उत्तम |
| | घ) मिलनसार | उत्तम |
| | ङ) भाषिक शुद्धता | उत्तम |
| ३ | **भाषिक प्रारम्भ** | |
| | क) हसिलो र मित्रवत भई कक्षामा प्रवेश गरेको | उत्तम |
| | ख) पूर्वपाठको पुनरावृत्ति | मध्यम |
| | ग) विद्यार्थी सहभागिता | उत्तम |
| | घ) सिकारुको चाहना, रुचि, विशेषतासँग सुहाउँदो शिक्षणविधिको प्रयोग | मध्यम |
| ४ | **शैक्षिक सामग्रीको प्रयोग** | |
| | क) स्पष्ट देखिने र बुझिने | मध्यम |
| | ख) उपयुक्त समयमा प्रयोग गरिएको | मध्यम |
| | ग) दैनिक प्रयोगका सामग्रीको प्रयोग | उत्तम |
| | घ) शब्दपत्ती र वाक्यपत्तीको प्रयोग | निम्न |
| | ङ) फ्लाटिन बोर्डको प्रयोग | निम्न |
| | च) गोजी तालिकाको प्रयोग | निम्न |

| | | |
|---|---|---|
| **५** | **पाठको प्रस्तुति** | |
| | क) विषयवस्तुको ज्ञान | अत्युत्तम |
| | ख) पाठको क्रमबद्धता | मध्यम |
| | ग) विषयवस्तुको पर्याप्तता | मध्यम |
| | घ) उदाहरणमा उपयुक्तता | मध्यम |
| | ङ) स्तरयुक्तता | मध्यम |
| **६** | **कक्षा कार्यकलाप** | |
| | क) अनुशासन | अत्युत्तम |
| | ख) प्रश्नोत्तर | उत्तम |
| | ग) नयाँ धारणालाई प्रष्ट पार्ने काम | मध्यम |
| | घ) प्रशस्त अभ्यास गराइएको | मध्यम |
| | ङ) सिक्नका लागि अभ्यास प्रदान गरिएको | उत्तम |
| | च) नबुझेका कुराहरू दोहोऱ्याइएको | उत्तम |
| **७** | **शिक्षण विधिको प्रयोग** | |
| | क) आगमन विधि | अत्युत्तम |
| | ख) नियमन विधि | उत्तम |
| | ग) भाषा संसर्ग विधि | निम्न |
| | घ) भाषा पाठ्यपुस्तक विधि | निम्न |
| **८** | **मूल्याङ्कन** | |
| | क) प्रश्नोत्तर | उत्तम |
| | ख) मूल्याङ्नमा सबै विद्यार्थीको सहभागिता भएको | उत्तम |
| | ग) कक्षाकार्य | मध्यम |
| | घ) गृहकार्य | उत्तम |

**तालिका ४.४**

**श्री शिवशक्ति नि.मा.वि. को कक्षा अवलोकन फारामबाट प्राप्त गरेको तथ्याङ्क र नतिजा**

| क्र.सं. | विषयवस्तु | नतिजा |
|---|---|---|
| १ | **सिकाइ वातावरण** | |
| | क) कक्षामा बसाइको व्यवस्था मिलाइएको | अत्युत्तम |
| | ख) कक्षाकोठाको भित्तामा शैक्षिक सामग्रीहरू सजाइएको | मध्यम |
| | ग) शिक्षकले तयार गरेको सामग्रीहरू | निम्न |
| | घ) विद्यार्थीले तयार गरेका सामग्रीहरू | निम्न |
| | ङ) बजारबाट खरिद गरिएका सामग्रीहरू | निम्न |
| २ | **शिक्षकको व्यक्तित्व** | |
| | क) सफासुग्घर | अत्युत्तम |
| | ख) स्पष्ट | उत्तम |
| | ग) आत्मविश्वास | उत्तम |
| | घ) मिलनसार | उत्तम |
| | ङ) भाषिक शुद्धता | उत्तम |
| ३ | **भाषिक प्रारम्भ** | |
| | क) हसिलो र मित्रवत भई कक्षामा प्रवेश गरेको | उत्तम |
| | ख) पूर्वपाठको पुनरावृत्ति | उत्तम |
| | ग) विद्यार्थी सहभागिता | अत्युत्तम |
| | घ) सिकारुको चाहना, रुचि, विशेषतासँग सुहाउँदो शिक्षणविधिको प्रयोग | मध्यम |
| ४ | **शैक्षिक सामग्रीको प्रयोग** | |
| | क) स्पष्ट देखिने र बुझिने | उत्तम |
| | ख) उपयुक्त समयमा प्रयोग गरिएको | मध्यम |
| | ग) दैनिक प्रयोगका सामग्रीको प्रयोग | उत्तम |
| | घ) शब्दपत्ती र वाक्यपत्तीको प्रयोग | निम्न |
| | ङ) फ्लाटिन बोर्डको प्रयोग | निम्न |
| | च) गोजी तालिकाको प्रयोग | निम्न |

| | | |
|---|---|---|
| **५** | **पाठको प्रस्तुति** | |
| | क) विषयवस्तुको ज्ञान | उत्तम |
| | ख) पाठको क्रमबद्धता | मध्यम |
| | ग) विषयवस्तुको पर्याप्तता | उत्तम |
| | घ) उदाहरणमा उपयुक्तता | उत्तम |
| | ङ) स्तरयुक्तता | उत्तम |
| **६** | **कक्षा कार्यकलाप** | |
| | क) अनुशासन | उत्तम |
| | ख) प्रश्नोत्तर | उत्तम |
| | ग) नयाँ धारणालाई प्रष्ट पार्ने काम | मध्यम |
| | घ) प्रशस्त अभ्यास गराइएको | मध्यम |
| | ङ) सिक्नका लागि अभ्यास प्रदान गरिएको | उत्तम |
| | च) नबुझेका कुराहरू दोहोऱ्याइएको | उत्तम |
| **७** | **शिक्षण विधिको प्रयोग** | |
| | क) आगमन विधि | उत्तम |
| | ख) नियमन विधि | मध्यम |
| | ग) भाषा संसर्ग विधि | निम्न |
| | घ) भाषा पाठ्यपुस्तक विधि | उत्तम |
| **८** | **मूल्याङ्कन** | |
| | क) प्रश्नोत्तर | उत्तम |
| | ख) मूल्याङ्नमा सबै विद्यार्थीको सहभागिता भएको | मध्यम |
| | ग) कक्षाकार्य | मध्यम |
| | घ) गृहकार्य | उत्तम |

तालिका ४.५

श्री रामजानकी मा.वि.को कक्षा अवलोकन फारामबाट प्राप्त गरेको तथ्याङ्क र नतिजा

| क.सं. | विषयवस्तु | नतिजा |
|---|---|---|
| १ | **सिकाइ वातावरण** | |
| | क) कक्षामा बसाइको व्यवस्था मिलाइएको | मध्यम |
| | ख) कक्षाकोठाको भित्तामा शैक्षिक सामग्रीहरू सजाइएको | मध्यम |
| | ग) शिक्षकले तयार गरेको सामग्रीहरू | उत्तम |
| | घ) विद्यार्थीले तयार गरेका सामग्रीहरू | निम्न |
| | ङ) बजारबाट खरिद गरिएका सामग्रीहरू | मध्यम |
| २ | **शिक्षकको व्यक्तित्व** | |
| | क) सफासुग्घर | उत्तम |
| | ख) स्पष्ट | उत्तम |
| | ग) आत्मविश्वास | उत्तम |
| | घ) मिलनसार | उत्तम |
| | ङ) भाषिक शुद्धता | मध्यम |
| ३ | **भाषिक प्रारम्भ** | |
| | क) हसिलो र मित्रवत भई कक्षामा प्रवेश गरेको | अत्युत्तम |
| | ख) पूर्वपाठको पुनरावृत्ति | मध्यम |
| | ग) विद्यार्थी सहभागिता | उत्तम |
| | घ) सिकारुको चाहना, रुचि, विशेषतासँग सुहाउँदो शिक्षणविधिको प्रयोग | मध्यम |
| ४ | **शैक्षिक सामग्रीको प्रयोग** | |
| | क) स्पष्ट देखिने र बुझिने | मध्यम |
| | ख) उपयुक्त समयमा प्रयोग गरिएको | मध्यम |
| | ग) दैनिक प्रयोगका सामग्रीको प्रयोग | अत्युत्तम |
| | घ) शब्दपत्ती र वाक्यपत्तीको प्रयोग | निम्न |
| | ङ) फ्लाटिन बोर्डको प्रयोग | निम्न |
| | च) गोजी तालिकाको प्रयोग | निम्न |

| | | |
|---|---|---|
| **५** | **पाठको प्रस्तुति** | |
| | क) विषयवस्तुको ज्ञान | उत्तम |
| | ख) पाठको क्रमबद्धता | मध्यम |
| | ग) विषयवस्तुको पर्याप्तता | मध्यम |
| | घ) उदाहरणमा उपयुक्तता | मध्यम |
| | ङ) स्तरयुक्तता | उत्तम |
| **६** | **कक्षा कार्यकलाप** | |
| | क) अनुशासन | मध्यम |
| | ख) प्रश्नोत्तर | मध्यम |
| | ग) नयाँ धारणालाई प्रष्ट पार्ने काम | निम्न |
| | घ) प्रशस्त अभ्यास गराइएको | निम्न |
| | ङ) सिक्नका लागि अभ्यास प्रदान गरिएको | मध्यम |
| | च) नबुझेका कुराहरू दोहोऱ्याइएको | मध्यम |
| **७** | **शिक्षण विधिको प्रयोग** | |
| | क) आगमन विधि | उत्तम |
| | ख) नियमन विधि | मध्यम |
| | ग) भाषा संसर्ग विधि | उत्तम |
| | घ) भाषा पाठ्यपुस्तक विधि | उत्तम |
| **८** | **मूल्याङ्कन** | |
| | क) प्रश्नोत्तर | मध्यम |
| | ख) मूल्याङ्कनमा सबै विद्यार्थीको सहभागिता भएको | निम्न |
| | ग) कक्षाकार्य | मध्यम |
| | घ) गृहकार्य | उत्तम |

**तालिका ४.६**

**श्री पञ्चकन्या मा.वि.को कक्षा अवलोकन फारामबाट प्राप्त गरेको तथ्याङ्क र नतिजा**

| क्र.सं. | विषयवस्तु | नतिजा |
|---|---|---|
| १ | **सिकाइ वातावरण** | |
| | क) कक्षामा बसाइको व्यवस्था मिलाइएको | अत्युत्तम |
| | ख) कक्षाकोठाको भित्तामा शैक्षिक सामग्रीहरू सजाइएको | मध्यम |
| | ग) शिक्षकले तयार गरेको सामग्रीहरू | मध्यम |
| | घ) विद्यार्थीले तयार गरेका सामग्रीहरू | मध्यम |
| | ङ) बजारबाट खरिद गरिएका सामग्रीहरू | मध्यम |
| २ | **शिक्षकको व्यक्तित्व** | |
| | क) सफासुग्घर | अत्युत्तम |
| | ख) स्पष्ट | उत्तम |
| | ग) आत्मविश्वास | उत्तम |
| | घ) मिलनसार | उत्तम |
| | ङ) भाषिक शुद्धता | उत्तम |
| ३ | **भाषिक प्रारम्भ** | |
| | क) हसिलो र मित्रवत भई कक्षामा प्रवेश गरेको | उत्तम |
| | ख) पूर्वपाठको पुनरावृत्ति | उत्तम |
| | ग) विद्यार्थी सहभागिता | अत्युत्तम |
| | घ) सिकारुको चाहना, रुचि, विशेषतासँग सुहाउँदो शिक्षणविधिको प्रयोग | निम्न |
| ४ | **शैक्षिक सामग्रीको प्रयोग** | |
| | क) स्पष्ट देखिने र बुझिने | उत्तम |
| | ख) उपयुक्त समयमा प्रयोग गरिएको | उत्तम |
| | ग) दैनिक प्रयोगका सामग्रीको प्रयोग | उत्तम |
| | घ) शब्दपत्ती र वाक्यपत्तीको प्रयोग | मध्यम |
| | ङ) फ्लाटिन बोर्डको प्रयोग | मध्यम |
| | च) गोजी तालिकाको प्रयोग | मध्यम |

| | | |
|---|---|---|
| **५** | **पाठको प्रस्तुति** | |
| | क) विषयवस्तुको ज्ञान | उत्तम |
| | ख) पाठको क्रमबद्धता | उत्तम |
| | ग) विषयवस्तुको पर्याप्तता | उत्तम |
| | घ) उदाहरणमा उपयुक्तता | उत्तम |
| | ङ) स्तरयुक्तता | उत्तम |
| **६** | **कक्षा कार्यकलाप** | |
| | क) अनुशासन | उत्तम |
| | ख) प्रश्नोत्तर | अत्युत्तम |
| | ग) नयाँ धारणालाई प्रष्ट पार्ने काम | उत्तम |
| | घ) प्रशस्त अभ्यास गराइएको | उत्तम |
| | ङ) सिक्नका लागि अभ्यास प्रदान गरिएको | उत्तम |
| | च) नबुझेका कुराहरू दोहोऱ्याइएको | उत्तम |
| **७** | **शिक्षण विधिको प्रयोग** | |
| | क) आगमन विधि | उत्तम |
| | ख) नियमन विधि | मध्यम |
| | ग) भाषा संसर्ग विधि | मध्यम |
| | घ) भाषा पाठ्यपुस्तक विधि | मध्यम |
| **८** | **मूल्याङ्कन** | |
| | क) प्रश्नोत्तर | उत्तम |
| | ख) मूल्याङ्नमा सबै विद्यार्थीको सहभागिता भएको | उत्तम |
| | ग) कक्षाकार्य | उत्तम |
| | घ) गृहकार्य | अत्युत्तम |

**तालिका ४.७**

**श्री एभरग्रीन इ.बो. स्कुल को कक्षा अवलोकन फारामबाट प्राप्त गरेको तथ्याङ्क र नतिजा**

| क्र.सं. | विषयवस्तु | नतिजा |
|---|---|---|
| १ | **सिकाइ वातावरण** | |
| | क) कक्षामा बसाइको व्यवस्था मिलाइएको | उत्तम |
